# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः २, मितिः २०८२/०२/०४

## भाग–२

## छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति २०८२/०१/३१

**प्रस्तावना**

महानगरपालिकामा प्राप्त हुने छात्रवृत्ति र महानगरपालिकाबाट वितरण गरिने छात्रवृत्ति तथा अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) तथा अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७ को नियम ११ बमोजिम भरतपुर महानगरपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरूमा महानगरपालिका वा ती शिक्षण संस्थाहरूद्वारा प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको उचित व्यवस्थापन र अनुगमन समेत गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) एवं भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ३७ बमोजिम भरतपुर महानगरपालिका क्षेत्रभर लागु हुने गरी भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद–एक
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

ग) यो कार्यविधि भरतपुर महानगरपालिकाभित्र लागु हुने छ।

## परिच्छेद–दुई

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई जनाउने छ।

ख) "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको नगर प्रमुखलाई जनाउने छ।

ग) “उपप्रमुख” भन्नाले भरतपुर महानगरपालिकाका उपप्रमुखलाई जनाउने छ।

घ) “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको रूपमा प्रारम्भिक बाल विकास शिक्षा देखी कक्षा १२ सम्मको शिक्षा दिने गरी स्वीकृति वा अनुमति प्राप्त गरी महानगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयलाई जनाउने छ। सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी नेपाल सरकारबाट नियमित अनुदान पाउने वा नपाउने गरी सञ्चालित विद्यालयहरू समेत जनाउने छ।

साथै महानगरपालिका क्षेत्रभित्र सञ्चालित कुनै पनि शैक्षिक सस्थाले साविक उच्च माध्यमिक शिक्षा परिषदबाट सम्बन्धन लिई हालसम्म पनि कक्षा ११ र १२ को माध्यमिक शिक्षाका कक्षाहरू सञ्चालन गरिरहेको भए उपरोक्त सस्थाहरूलाई समेत यस प्रयोजनको लागि विद्यालय भनिने छ।

ङ) “छात्रवृत्ति” भन्नाले यसै कार्यविधि बमोजिम महानगरपालिकाबाट तोकिए बमोजिम छनौट भएका विद्यार्थीहरूलाई निःशुल्क अध्ययनको लागि प्रदान गरिएको सुविधालाई जनाउने छ।

च) “समिति” भन्नाले अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को नियम (११) बमोजिम गठित छात्रवृत्ति व्यवस्थापन समितिलाई जनाउने छ।

छ) “कार्यदल” भन्नाले छात्रवृत्ति व्यवस्थापन समितिको कामलाई सहयोग पुर्‍याउँन गठन दफा ८ बमोजिम गठन गरिएको कार्यदललाई जनाउने छ। छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको लागि छात्रवृति व्यवस्थापन समितिमा सिफारिस गर्नु कार्यदलको प्रमुख कर्तव्य हुनेछ।

ज) “विद्यालय स्तरीय छात्रवृत्ति समिति” भन्नाले यस कार्यविधिको दफा १० वमोजिम विद्यालयमा गठन हुने समितिलाई जनाउने छ।

## परिच्छेद–तीन

### ३. उद्देश्य

यस कार्यविधिका उद्देश्यहरू निम्नलिखित रहेका छन्

१) छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु,

२) लक्षित वर्गका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु,

३) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित पदाधिकारीहरूको भूमिका स्पष्ट पार्नु,

४) आधारभूत शिक्षाको पहुच सुनिश्चित गर्न महानगरपालिबाट प्रदान गरिने छात्रवृत्तिलाई परिणाममुखी बनाउने

## परिच्छेद–चार

## छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्था

### ४. छात्रवृत्ति व्यवस्थापन समितिः

१) अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम सस्थागत विद्यालयको बालविकास देखि कक्षा १२ सम्मको जम्मा विद्यार्थी सङ्ख्याको आधारमा ५०० जना सम्म विद्यार्थी भए १० प्रतिशत, ८०० जनासम्म विद्यार्थी भए १२ प्रतिशत र सो भन्दा बढी विद्यार्थी सङ्ख्या भए १५ प्रतिशतले हुन आउने सख्या बमोजिमको छात्रवृत्ति तथा महानगरपालिकालाई प्राप्त हुने एवम महानगरपालिकाबाट वितरण हुने सबै प्रकारका छात्रवृत्तिको विशेष सहुलियत तथा अवसर प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन समेत गर्न अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को दफा (११) मा व्यवस्था भए बमोजिम तपसिल अनुसारको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ

| | |
|---|---|
| अध्यक्ष | नगर प्रमुख |
| सदस्य | वडा अध्यक्ष वा सदस्यमध्येबाट कार्यपालिकाले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना दलित वा अपाङ्गता वा मानवीय सेवाको क्षेत्रमा काम |

गर्ने संघसंस्था मध्येबाट कार्यपालिकाले मनोनयन गरेको एकजना

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत

२) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ।

४) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक प्रत्येक वर्ष कम्तिमा दुई पटक बस्नेछ।

५) छात्रवृत्ति व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारीहरू थप सदस्यहरू रहेनछन्

उपप्रमुख भरतपुर महानगरपालिका

संयोजक सामाजिक विकास समिति

प्रमुख शैक्षिक प्रशासन महाशाखा

अध्यक्ष प्याव्सन भरतपुर महानगरपालिका

**५. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१) छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने विद्यार्थीको पहिचान तथा छनौट गर्ने,

२) छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसरको न्यायोचित वितरण गर्ने,

३) अनिवार्य तथा निशुल्क शिक्षा नियमावली, २०७७ को नियम (९) बमोजिम जारी भएको मापदण्ड पालना भए नभएको अनुगमन गर्ने,

४) शैक्षिक गुणस्तर सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

५) छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर लक्षित बालबालिकाले प्राप्त गरे वा नगरेको अनुगमन गर्ने वा गराउने,

६) छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसरको प्रभावकारिताको अध्ययन गर्ने वा गराउने।

७) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी प्रक्रिया छात्रवृत्ति व्यवस्थापन समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**६. छात्रवृत्ति व्यवस्थापन कार्यदल :**

१) छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयको रूपमा काम गर्न तथा समितिको काममा सहयोग पुर्‍याउन देहाय बमोजिमको कार्यदल गठन हुनेछ। कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| संयोजक | प्रमुख, शैक्षिक प्रशासन महाशाखा |
| सदस्य | सस्थागत विद्यालयका नगर स्तरीय समितका प्रमुख सस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट संयोजकले मनोनयन गरेको एक जना संयोजकले माध्यमिक तहका शिक्षक दुई जना |
| सदस्य सचिव | छात्रवृत्ति सम्बन्धी काम गर्ने शाखाको अधिकृत |

२) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ।

४) कार्यदलको बैठक आवश्यकतानुसार बस्नेछ।

**७ कार्यदलको काम, कर्तव्य र अधिकार :**

कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१) छात्रवृत्ति व्यवस्थापन समितिले तोके बमोजिमको काम गर्ने।

२) छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसरको न्यायोचित वितरण गर्न छात्रवृत्ति व्यवस्थापन समितिमा सिफारिस गर्ने,

३) महानगरपालिकाबाट वितरण गरिने छात्रवृत्तिलाई पारदर्शी र मापदण्डमा आधारित बनाई छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको लागि छात्रवृत्ति व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने।

४) शैक्षिक सत्र शुरू भएको एक महिना भित्र सबै सस्थागत विद्यालयहरूमा भर्ना भएका जम्मा विद्यार्थी संख्या अध्यावधिक गरी अनिवार्य तथा निशुल्क

शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम वितरण गरिने विद्यालयगत रूपमा छात्रवृत्ति सङ्ख्या अनुसूची १ बमोजिमको ढाँचामा सार्वजनिक गर्ने।

५) वितरण गरिएको छात्रवृत्ति विद्यालयले उपलब्ध गराए नगराएको अनुगमन गर्ने, विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले विद्यार्थीलाई छात्रवृत्तिबाट वञ्चित गराएको विषयमा परेको गुनासो फर्स्यौट गरी छात्रवृत्ति व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने।

६) विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिबाट प्राप्त प्रगति प्रतिवेदन विश्लेषण गरी छात्रवृत्ति उपलब्धताको सुनिश्चित गर्ने।

७) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी नीति तर्जुमाका लागि छात्रवृत्ति व्यवस्थापन समितिसमक्ष राय सुझाव पेश गर्ने।

## ८. विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

महानगरपालिका, दाता वा अन्य व्यक्ति वा निकायहरूबाट विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई सिधै वा विद्यालयमार्फत वितरण भएको छात्रवृत्तिको निर्वाध उपयोगको वातावरण मिलाउने तथा विद्यालयमा उपलब्ध छात्रवृत्तिलाई पारदर्शी र मापदण्डमा आधारित बनाई छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको लागि देहाय बमोजिमको विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति रहने छ।

| | |
|---|---|
| संयोजक | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| सदस्य | शिक्षक अभिभावक संघको अध्यक्ष |
| सदस्य | सम्बन्धित वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य |
| सदस्य | अधिकृत प्रतिनिधि शैक्षिक प्रशासन महाशाखा |
| सदस्य सचिव | विद्यालयको प्रधानाध्यापक |

## ९. विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

१) विद्यालयले चालु शैक्षिक सत्रको कक्षागत विद्यार्थी भर्नाको आधारमा

छात्रवृत्ति व्यवस्थापन समिति र छात्रवृत्ति कार्यदलले दिएको निर्देशन समेतलाई पालना गरी विद्यालयलाई प्राप्त छात्रवृत्ति र आन्तरिक श्रोत तर्फको छात्रवृत्ति सङ्ख्या र वितरणको आधार सहित दफा ९ को उपदफा ४ बमोजिम अनुसूची १ को ढाँचामा छात्रवृत्ति वितरण सङ्ख्या खुलाई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटको प्रक्रिया सहित छात्रवृत्ति आवेदनको कम्तिमा १५ दिने सूचना विद्यालयको वेभसाइट, सामाजिक सञ्जाल र अभिभावक वा विद्यार्थी समावेश गरी सञ्चालनमा रहेको म्यासेन्जर वा ह्वाट्सएपजस्ता ग्रुपहरूमा समेत प्रकाशित गरी आवेदन संकलन गर्ने।

२) प्राप्त आवेदनहरू अनुसूची २ को ढाँचामा विद्यालयमा रहेको दर्ता किताबमा दर्ता गरी विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिमा पेश गर्ने।

३) छात्रवृत्तिको लागि प्राप्त भएका निवेदन उपर छानविन गरी उपलब्ध छात्रवृत्तिलाई पारदर्शी र मापदण्डमा आधारित बनाई छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरण गर्ने।

४) विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गरी छात्रवृत्ति प्रदान गरिएका छात्रछात्राहरुको अन्तिम नामावली अनुसूची ३ बमोजिमको ढाँचामा विद्यालयको वेभसाइट र सामाजिक सञ्जालमा प्रकाशित गर्ने

५) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क र मासिक पढाइ शुल्क पूर्णत निशुल्क गर्ने।

६) छात्रवृत्ति वितरण गर्दा जुनसुकै अवस्थामा पनि आंशिक छात्रवृत्ति वितरण गरिने वा दामासाहीले वाडफाँड गर्न पाइने छैन । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई विद्यालयले अनुसूची ५ बमोजिमको ढाँचामा पत्र दिनु पर्ने छ।

७) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात वा यस्तै अन्य सेवाहरू लिनै पर्ने बाध्यात्मक परिस्थिति सिर्जना गर्न पाइने छैन।

८) महानगरपालिका वा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले यस कार्यविधिमा तोकिए बमोजिम सिफारिस वा वितरण गरे बाहेक अन्य विधि वा प्रक्रियाबाट वितरण गरिएको छात्रवृत्तिलाई अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम वितरण गर्नु पर्ने छात्रवृत्तिमा गणना गर्न पाइने छैन।

९) शैक्षिक सत्र शुरू भएको दुई महिना भित्र विद्यालयले आफैले वा महानगरपालिकाबाट वितरण भएको छात्रवृत्ति र अन्य निकायबाट विद्यालयमार्फत प्रदान गरिएको छात्रवृत्तिको हकमा प्राप्त भएको मितिले एक महिनाभित्र अनुसूची ३ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नामनामेसी विवरण शैक्षिक प्रशासन महाशाखामार्फत् छात्रवृत्ति व्ययवस्थापन समितिमा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

**१०.** विद्यालयले आफ्नो श्रोतबाट वितरण गरिने छात्रवृत्तिको सन्दर्भमा शैक्षिक कार्यक्रमको तह र अध्ययन गर्ने विषय प्रकृतिका आधारमा छात्रवृत्तिको रकम निर्धारण गर्ने

## परिच्छेद : पाँच

### ११. छात्रवृत्ति कोटा निर्धारण र सिफारिस सम्बन्धी व्यवस्था

१) चालु शैक्षिक सत्रमा विद्यालयमा भर्ना भई अध्ययनरत जम्मा विद्यार्थीहरूको सङ्ख्यालाई आधार मानी अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ को दफा २७ बमोजिम छात्रवृत्ति कोटा निर्धारण हुनेछ ।

२) निर्धारित छात्रवृत्ति कोटालाई सबै समूहको सहभागिता हुने गरी अनुसूची १ बमोजिम कोटा निर्धारण गरी छात्रवृत्ति व्यवस्थापन कार्यदल वा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्ति वितरण प्रक्रिया शुरु गर्नु पर्नेछ ।

३) उपदफा १ र २ बमोजिम कोटा निर्धारण गर्दा पुर्व प्राथमिक तह देखि कक्षा १० सम्मको लागि कोटा निर्धारण गरी छात्रवृत्तिको सम्पूर्ण प्रक्रिया जेठ मसान्तभित्र सम्पन्न गर्ने र कक्षा ११ र १२ को लागि कोटा निर्धारण गर्दा कक्षा १० सम्मको विद्यार्थी सङ्ख्यामा कक्षा ११ र १२ को जम्मा भर्ना सङ्ख्या थप गरी हुन आउने जम्मा विद्यार्थी सङ्ख्यालाई आधार मानी अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ को दफा २७ बमोजिम छात्रवृत्ति कोटा निर्धारण गर्नुपर्ने छ । निर्धारित कोटामा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू भाद्र मसान्त भित्र सम्पन्न गर्नुपर्नेछ ।

४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कक्षा ११ र १२ को लागि

गत शैक्षिक सत्रको अन्तिम भर्ना सङ्ख्यालाई आधार मानी महाशाखाले एसइइ परीक्षाको नतिजा प्रकाशन भएलगत्तै छात्रवृत्ति व्यवस्थापन कार्यदलको निर्णयानुसार महानगरपालिका क्षेत्रिभत्रका विद्यालयहरूको लागि विद्यालयगत छात्रवृत्ति सङ्ख्यासहित छात्रवृत्तिको लागि सार्वजनिक सूचना आह्वान गरी यस कार्यविधिमा तोकिएको आधार बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामावली सहितको विवरण छात्रवृत्ति व्यवस्थापन समितिमा सिफारिस गर्नेछ। छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार सम्बन्धित विद्यालयहरूलाई छात्रवृत्तिमा अध्ययन गर्ने विद्याथीहरूको विवरण श्रावण महिनाभित्र सिफारिस गर्नेछ। यसरी गरिएको सिफारिस गरिएको विद्यालयमा अध्ययन नगर्ने विद्यार्थीलाई छात्रवृत्तिमा अध्ययन गर्ने प्रयोजनको लागि अन्य विद्यालयमा सिफारिस गर्न सकिने छैन।

५) उपदफा ४ बमोजिम छात्रवृत्ति वितरणको सिफारिस नहुदासम्म कुनै पनि विद्यालयले विद्यार्थी भर्ना गरी पठनपाठन अगाडि बढाउने छैन।

६) उपदफा ४ बमोजिम छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्ति सिफारिस नगर्दै कुनै विद्यार्थी कुनै विद्यालयमा भर्ना भएकोले समितिले निजलाई सोही विद्यालयमा सिफारिस गर्ने छैन। निज अर्को विद्यालयमा छात्रवृत्तिमा अध्ययन गर्न सिफारिस भएमा छात्रवृत्ति सिफारिस संशोधन गरिने छैन। यसबाट उत्पन्न हुने असहजता लागि स्वयं विद्यार्थी र विद्यालय नै जिम्मेवार हुनु पर्नेछ।

## १२. निवेदन दिनु पर्ने

१) छात्रवृत्ति व्यवस्थापन कार्यदलले कक्षा ११ र १२ को लागि तथा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले कक्षा १० सम्म विद्यालयगत/कक्षागत निर्धारित छात्रवृत्तिमा अध्ययन गर्न चाहने व्यक्तिहरूले निवेदनका साथ पेश गर्नु पर्ने कागजात, निवेदन पेश गर्ने निकाय र म्याद सहित जानकारी हुने गरी कम्तिमा १५ दिने सार्वजनिक सूचना जारी गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ।

२) सूचनामा माग भएका कागजात सहित विपन्न तथा जेहन्दार समूहको लागि निवेदन दिने विद्यार्थीले आफ्नो स्थायी ठेगाना भएको सम्बन्धित वडा

कार्यालयको सिफारिस समेत निवेदनका साथ पेश गर्नु पर्नेछ।

३) प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने र छात्रवृत्ति छनौट गर्ने र योग्यताक्रम सहित छात्रवृत्ति प्राप्त गर्नेको नामावली सार्वजनिक गर्नुपर्नेछ।

## १३. छात्रवृत्ति छनौटका आधारहरू

१) कक्षा ११ को छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा छात्रवृत्ति व्यवस्थापन समितिले १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्राप्त आवदेक विद्यार्थीहरूको SEE परीक्षाको स्तरीकृत अङ्क समेतको आधारमा प्राप्त हुने हुने कूल अङ्कको आधारमा प्राथमिकता क्रम तोकी छात्रवृत्तिको लागि छनौट गर्नुपर्ने छ।

२) उपदफा १ बमोजिम छात्रवृत्ति छनौट गर्दा कूल छात्रवृत्ति सिटलाई शत प्रतिशत मानी सो को दुई तिहाई सिटमा महानगरपालिकाबाट सिफारिस गरिने छ र बाँकी एक तिहाई सिट तोकिएको आधारमा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार छनौट गरिने छ।

माथि जुनसुकै कुरा उल्लेख भएपनि बढिमा ५०० जनासम्म विद्यार्थी अध्ययन गर्ने सस्थागत विद्यालयमा भने ५० प्रतिशत महानगरपालिकाबाट र ५० प्रतिशत विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिबाट छनौट गरिने छ।

३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसङ्ग विद्यालयले भर्ना र मासिक शुल्क लिन पाइने छैन। लिएको भए फिर्ता गरी शैक्षिक प्रशासन महाशाखामा जानकारी गराउनु पर्नेछ।

४) कक्षा ११ को छात्रवृत्ति छनौट गर्दा छात्रवृत्ति व्यवस्थापन समिति र विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले देहायका आधारमा गर्नु पर्ने छ।

क कक्षा ११ मा विज्ञान विषय ऐच्छिक रूपमा अध्ययन गर्ने विद्यार्थीका लागि

कक्षा १० को विज्ञान विषयको फाइनल GP

४० प्रतिशतले हुन आउने अंक

कक्षा १० को गणित विषयको फाइनल GP

३३ प्रतिशतले हुन आउने अंक

कक्षा १० को अग्रेजी विषयको फाइनल फाइनल GP
२५ प्रतिशतले हुन आउने अंक
भरतपुर महानगरपालिका भित्र स्थायी वसोबास भए २ अंक

ख कक्षा ११ को ऐच्छिक विज्ञान बाहेक अन्य विषय अध्ययन गर्ने विद्यार्थीका लागि
कक्षा १० को गणित विषयको फाइनल GP
२० प्रतिशतले हुन आउने अंक
कक्षा १० को अङ्ग्रेजी विषयको फाइनल GP
२६ प्रतिशतले हुन आउने अंक
कक्षा १० को नेपाली विषयको फाइनल GP
२६ प्रतिशतले हुन आउने अंक
कक्षा १० को सामाजिक विषयको फाइनल GP
२६ प्रतिशतले हुन आउने अंक
भरतपुर महानगरपालिका स्थायी वसोबास भए २ अंक

५) उपदफा ४ बमोजिम छनौट गर्दा प्राप्ताङ्क बराबर भएमा विज्ञान विषयको लागि क्रमश: विज्ञान, गणित र अग्रेजी विषयको सैद्धान्तिक तर्फको ग्रेडका आधारमा र अन्य विषय अध्ययन गर्ने विद्यार्थीको हकमा क्रमश: गणित, अग्रेजी, नेपाली र सामाजिक विषयको सैद्धान्तिक तर्फको ग्रेडका आधारमा धेरै अङ्क प्राप्त गर्नेलाई छात्रवृत्ति प्रदान गरिनेछ।

६) उपदफा ५ बमोजिम छनौट गर्दा पनि प्राप्ताङ्क बरावर भएमा GPA का आधारमा धेरै अङ्क प्राप्त गर्नेलाई छात्रवृत्ति प्रदान गरिनेछ।

७) छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्तिका लागि विद्यालयमा सिफारिस गर्दा तथा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले सो विद्यालयको कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा कम्तिमा ५० प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेकाबाट छनौट गर्नुपर्नेछ। तर सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेका विद्यार्थीबाट कम्तिमा ५० प्रतिशत विद्यार्थी छनौट हुने गरी आवेदन नपरी निर्धारित कोटा पूरा हुन नसकेमा बाँकी कोटा

संस्थागत विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीलाई प्रदान गर्न बाधा परेको मानिने छैन ।

८) कक्षा ११ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले दफा १५ को अधिनमा रही कक्षा १२ मा पनि छात्रवृत्ति प्राप्त गर्नेछ ।

९) अन्य कक्षाको हकमा छात्रवृत्ति व्यवस्थापन कार्यदलको सिफारिसमा छात्रवृत्ति व्यवस्थापन समितिले स्वीकृत गरेको प्रक्रिया बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको छनौट गर्नु पर्नेछ ।

## १४. सामुदायिक विद्यालयमा वितरण गरिने छात्रवृत्ति सम्बन्धी व्यवस्था

१) सामुदायिक विद्यालयहरूले वितरण गर्ने छात्रवृत्तिको कोटा निर्धारण, आवदेन संकलन र छनौट गर्ने प्रक्रिया यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम हुने छ । यस सम्बन्धमा थप विधि निर्धारण हुन आवश्यक भएमा शैक्षिक प्रशासन महाशाखाले तोके बमोजिम हुनेछ ।

## १५. छात्रवृत्ति निरन्तरता सम्बन्धी व्यवस्था

सामान्यतया कक्षा एकमा छनौट भएको विद्यार्थीले कक्षा पाँचसम्म, कक्षा छ मा छनौट भएको विद्यार्थीले कक्षा आठसम्म, कक्षा नौ मा छनौट भएको विद्यार्थीले कक्षा दशसम्म र कक्षा एघारमा छनौट भएको विद्यार्थीले कक्षा बाह्रसम्म छात्रवृत्ति पाउनेछ ।

माथि जुनसुकै उल्लेख गरिएतापनि छात्रवृत्ति प्राप्त गरी कुनै कक्षामा अध्ययनरत विद्यार्थीले निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न गर्न योग्य हुने छैन ।

१) जम्मा विद्यालय खुलेको दिनको कम्तिमा असी प्रतिशत दिन हाजिरी नभएमा,

२) बाल विवाह गरेमा,

३) कक्षा उत्तीर्ण गर्न नसकेमा वा कुनै विषयमा Non Graded भएमा

४) छात्रवृत्ति वा अन्य कुनै सुविधा प्राप्त गर्ने गलत मनसायका साथ विद्यालय वा छात्रवृत्ति व्यवस्थापन समितिमा गलत वा झुठा विवरण पेश गरेको प्रमाणित भएमा ।

**१६. प्रतिवेदन पेश गर्नु पर्ने**

१) छात्रवृत्ति छनौट कार्य सम्बन्धित कक्षाको लागि नेपाल सरकारले तोकेको शैक्षिक सत्र शुरु भएको मितिले दुई महिनाभित्र कार्य सम्पन्न गरी सक्नुपर्नेछ।

२) छात्रवृत्ति छनौट सम्बन्धी कार्य सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र अनुसूची ४ बमोजिमको ढाँचामा विस्तृत प्रतिवेदन शैक्षिक प्रशासन महाशाखामा विद्यालयहरूले पेश गरी सक्नु पर्ने छ।

**१७. महानगरपालिकाको वार्षिक बजेटबाट छात्रवृत्ति विनियोजन गर्न सक्ने**

१) महानगरपालिकाको बार्षिक स्वीकृत बजेट र कार्यक्रमबाट प्रदान गरिने छात्रवृत्ति देहाय बमोजिम लक्षित समूह र विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई मात्र वितरण गरिने छ :

क) कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत अति सीमान्तकृत लोपोन्मुख र अल्पसङ्ख्यक र दलित विद्यार्थी

ख) सामुदायिक विद्यालयको कक्षा ११-१२ मा विज्ञान मूल विषय लिई अध्ययन गर्ने विद्यार्थी

ग) सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तिर्ण गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदका आंगिक र टेक्स विद्यालयमा डिप्लोमा र प्रि डिप्लोमा अध्ययन गर्ने विपन्न विद्यार्थी

घ) उपदफा ग र घ बमोजिमको छात्रवृत्ति प्राप्त गर्नको लागि गरिव घर पहिचान परिचय पत्र प्राप्त परिवारको बालबालिका हुनु पर्नेछ।

ङ) सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तिर्ण गरी नेपालका विश्वविद्यालयहरूमा तोकिए बमोजिमका प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका, अल्पसङ्ख्यक, अति सीमान्तकृत र लोपोन्मुख जनजाती, विपन्न, दलित तथा वेपत्ता र शहिद परिवारका विद्यार्थीहरूलाई बार्षिक स्वीकृत कार्यक्रममा छात्रवृत्ति व्यवस्थापन समितिले तोकिए बमोजिम छात्रवृत्ति वितरण गर्न सकिनेछ।

**१८. छात्रवृत्ति रकम**

उपदफा १ बमोजिम प्रदान गरिने छात्रवृत्तिको रकम देहाय बमोजिम हुनेछ :

क) आधारभूत तह (कक्षा १-८) को लागि अधिकतम वार्षिक रू ३०००।–

ख) माध्यमिक तह (कक्षा ९-१२) विज्ञान विषय बाहेकको लागि अधिकतम वार्षिक रू ३०००।–

ग) माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्ययन गर्नेहरूको लागि अधिकतम वार्षिक रू १२०००।–

घ) प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ डिप्लोमा तहमा अध्ययन गर्नेहरूको लागि अधिकत वार्षिक रू १५०००।–

ङ) प्राविधिक विषय तर्फको स्नातक तर्फ अध्ययन गर्ने हरूको लागि अधिकतम रू ४०,०००।–

च) यस कार्यविधिको अन्य दफा बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूले यस दफा बमोजिम दोहोरो हुने गरी छात्रवृत्ति प्राप्त गर्ने छैनन् ।

**परिच्छेदः छ**

**१९. आरक्षण सम्बन्धी व्यवस्था**

१) जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, आदिवासी जनजाति, सशस्त्र द्वन्द्व, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, बेपत्ता तथा शहीद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न छात्रवृत्ति व्यवस्थापन समिति र विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले देहाय अनुसार कोटा निर्धारण गरी वितरण गर्नु पर्नेछ।

| | | |
|---|---|---|
| क) | जेहन्दार | ३७ प्रतिशत |
| ख) | गरीब तथा विपन्न | ३७ प्रतिशत |
| ग) | आदिवासी/ जनजाति | १२ प्रतिशत |
| घ) | अल्प सङ्ख्यक/अतिसीमान्तकृत र लोपोन्मुख जनजाती | २ प्रतिशत |
| घ) | दलित | ६ प्रतिशत |
| ङ) | अपाङ्ग | ३ प्रतिशत |

च) शहिद/बेपत्ताका सन्तति/ सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइतेका सन्तति ३ प्रतिशत

२) उपदफा १ बमोजिम उल्लेखित विभिन्न आरक्षण समूहबाट विद्यार्थी छनौट हुदाँ ५० प्रतिशत स्थान छात्राहरूको लागि सुरक्षित गर्नु पर्नेछ। तर छात्रवृत्ति छनौटको लागि छात्राहरूबाट पर्याप्त आवेदन नपरेमा छात्रहरू छनौट भै सिफारिस हुन यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन।

३) उपदफा १ बमोजिमको आरक्षित समूह मध्ये कुनै एक समूहबाट मात्र एक जना विद्यार्थीले छात्रवृत्ति सिफारिस गरिने छ।

४) उपदफा १ बमोजिम निर्धारित कुनै आरक्षित समूहमा पर्याप्त निवेदन प्राप्त हुन नसकी छात्रवृत्ति छनौट हुन नसकी कोटा रिक्त हुन आएमा उक्त कोटाहरू गरीव तथा जेहन्दार समूहमा जानेछ।

५) कक्षा एघारमा छात्रवृत्तिमा सिफारिस गर्दा सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तिर्ण भएका विद्यार्थीहरूबाट कम्तिमा ५० प्रतिशत विद्यार्थी सिफारिस गर्नु पर्नेछ।

६) यस प्रयोजनको लागि "गरिव तथा विपन्न" भन्नाले अनाथ, असहाय तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाहरू, वैकल्पिक हेरचाह वा संरक्षणमा रहेका बालबालिकाहरू, र गरिव घर पहिचान परिचय पत्र प्राप्त गरेका घर परिवारका बालबालिकाहरूलाई जनाउने छ।साथै तराईको हकमा बढिमा ३ कट्ठा खेतीयोग्य जग्गामात्र भएका र पहाड तथा हिमाली क्षेत्रका हकमा १० रोपनीभन्दा कम खेतीयोग्य जग्गामात्र भई निजका बाबु र आमा दुबै जना सरकारी वा संगठित सस्थामा नोकरी नभएको भन्ने व्यहोरा खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने छ।

*यस कोटाको छात्रवृत्ति वितरण गर्दा अनाथ असहाय तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाहरू, वैकल्पिक हेरचाह वा संरक्षणमा रहेका बालबालिकाहरू र गरिव घर पहिचान परिचय पत्र प्राप्त गरेका घर परिवारका बालबालिकाहरूलाई प्राथमिकता दिई वितरण गर्नु पर्नेछ।*

## परिच्छेद : सात

विविध

### २०. कार्यविधि लागु हुने

१) संघीय सरकार र वागमती प्रदेश सरकारबाट महानगरपालिकामा प्राप्त हुने छात्रवृत्ति वितरणको लागि सम्बन्धित सरकारबाट कुनै कार्यविधि तोकी पठाएको भए सोही कार्यविधि र नपठाएको भए यसै कार्यविधि लागु हुनेछ।

२) महानगरपालिकाको स्वीकृति लिई सञ्चालित कुनै परियोजनाबाट विद्यालय तहको लागि छात्रवृत्ति वितरण गर्नुपर्ने भएमा यसै कार्यविधिमा तोकिए बमोजिम वितरण गर्नु पर्नेछ।

३) कुनै सस्थासंगको सम्झौताबाट महानगरपालिकालाई प्राप्त छात्रवृत्तिमा महानगरपालिकाले सिफारिस गर्नुपर्दा सम्झौतामा कुनै विधि उल्लेख भए सोही बमोजिम र सम्झौतामा उल्लेख नभएको भए छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम सिफारिस गरिने छ।

### २१. उजुरी दिन सकिनेः

१) छात्रवृत्ति व्यवस्थापन समितिले सिफारिस गरेको वा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरी छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीले तोकिए बमोजिम छात्रवृत्ति प्राप्त गर्न नसकेमा वा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्तिको लागि तोकिए बमोजिमको प्रक्रिया पुरा गरी छात्रवृत्तिको लागि आवश्यक सङ्ख्यामा विद्यार्थी छनौट नगरेमा वा कम सङ्ख्यामा विद्यार्थी छनौट गरेमा वा दामासाहीमा छात्रवृत्ति वितरण गरेका वा यस कार्यविधि विपरित कुनै काम गरी कोही कसैलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले एक महिना भित्र शैक्षिक प्रशासन महाशाखामा उजुरी दिन सक्ने छ।

### २२. जरिवाना

१) कुनै विद्यालयले यस कार्यविधिमा तोकिए वमोजिम छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कुनै कार्य नगरेमा वा सिफारिस वा निर्णय बमोजिम छात्रवृत्ति उपलब्ध नगराएमा महागरपालिकाले विद्यार्थी संख्याको आधारमा कम्ति

रूपैया पन्ध्र हजार देखि र साठी हजार रुपैयाँसम्म जरिवाना गरी यस कार्यविधि अनुसार छात्रवृत्ति उपलब्ध गराउन निर्देशन दिने छ।

२) उपदफा १ बमोजिम दिइएको निर्देशन कार्यान्वयन नगर्ने विद्यालयलाई महानगरपालिकाले जरिवाना रकम र त्यसरी वितरण गरिनु पर्ने छात्रवृत्ति वापत बरावर हुन आउने रकम नगर कार्यपालिकाको निर्णयले जरिवाना रूपमा स्थानीय सन्चित कोषमा जम्मा गर्न लगाउनेछ। यसरी जम्मा गर्न दिइएको निर्देशन पालना नगरी रकम जम्मा नगर्ने विद्यालयको सञ्चालन अनुमति नगर शिक्षा समितिले खारेज गर्ने छ।

३) बैठक भत्ता: छात्रवृत्ति व्यवस्थापन समिति, छात्रवृत्ति व्यवस्थापन कार्यदल, सो अन्तर्गत बनेका उपसमितिका सदस्य, आमन्त्रित सदस्य र सो काममा खटिने कर्मचारीहरूले नियमानुसार बैठक भत्ता र सुविधा पाउनेछन्।

**२३. प्रतिवेदन पेश गर्नु पर्ने**

छात्रवृत्ति सम्बन्धी कार्य शैक्षिक सत्र शुरू भएको दुई महिना भित्र सम्पन्न गरी सो को १० दिन भित्र शैक्षिक प्रशासन महाशाखामा अनुसूची ४ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्ने छ।

**२४. बाधा अड्काउ सम्वन्धी व्यवस्था**

१) कार्यविधिमा तोकिएको अवधिभित्र छात्रवृत्ति छनौट प्रकृया पूरा हुन नसकेमा छात्रवृत्ति व्यवस्थापन समितिले मनासिव ठानेमा उपयुक्त समयावधि थप गरी कार्यसम्पन्न गर्न निर्देशन गर्न सक्दछ।

**२५. लागु नहुने**

यस कार्यविधिमा उल्लेख भएको कुनै प्रावधान सघीय वा वागमती प्रदेशको कुनै कानूनसंग बाझेमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**२६. खारेजी र बचाउ**

१) विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७५ र भरतपुर महानगर छात्रवृत्ति वितरण मापदण्ड २०८० खारेज गरिएको छ।

२) उपरोक्त कार्यविधि र मापदण्डबाट भए गरेका कार्य यसै कार्यविधिबाट भए गरेको मानिने छ।

# अनुसूची १

## दफा ७ को उपदफा ४ र दफा ९ को उपदफा १ संग सम्बन्धित

## छात्रवृत्ति वितरण कोटा निर्धारण

विद्यालयको नाम ठेगाना

जम्मा विद्यार्थी संख्या कक्षा १० सम्म कक्षा ११-१२

छात्रवृत्ति वितरण गर्ने सङ्ख्या

| जम्मा | जेहन्दार | गरिव तथा विपन्न | आदिवासी जनजाती | अल्पसङ्ख्यक अतिसीमान्तकृत र लोपोन्मुख | दलित | अपाङ्ग | शहिद/बेपत्ताका सन्तति/सशस्त्र द्वन्द्व र आन्दोलनका घाइते परिवारका सन्तति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

कक्षा १० सम्मको बैशाख महिनाभित्र र कक्षा ११ को श्रावण महिनाभित्र यस विवरण तयार पार्नु पर्ने छ ।

# अनुसूची २

## दफा ९ को उददफा २ संग सम्बन्धित

## छात्रवृत्तिको निवेदन दिने विद्यार्थीको निवेदन दर्ता किताब

विद्यालयको नाम र ठेगाना

सूचना प्रकाशित भएको मिति निवेदन दिने अन्तिम मिति

| क्रस | विद्यार्थीको नाम थर | दर्ता नं. | निवेदनको मिति | दर्ता मिति | बाबुको नाम र पेशा | आमाको नाम र पेशा | छात्रवृत्तिको निवेदन दिएको किसिम | गत वर्ष पाए नपाएको विवरण | दर्ता गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची ३

## दफा १२ को उपदफा ३ संग सम्बन्धित

## छात्रवृत्ति प्राप्त गर्नेको नामावली

विद्यालयको नाम ठेगाना

जम्मा विद्यार्थी संख्या कक्षा १० सम्म कक्षा ११-१२

क छात्रवृत्ति वितरण गरिएको संख्या

| जम्मा | जेहन्दार | गरिव तथा विपन्न | आदिवासी जनजाती | अल्पसङ्ख्यक अतिसीमान्तकृत र लोपोन्मुख | दलित | अपाङ्ग | शहिद/बेपत्ताका सन्तति/सशस्त्र द्वन्द्व र आन्दोलनका घाइते परिवारका सन्तति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

ख छात्रवृत्ति प्राप्त गर्नेहरुको नामावली

| क्र स | नाम थर | कक्षा | इमिस कोड | स्थायी ठेगाना | बाबु/ आमाको नाम थर | छात्रवृत्ति प्राप्त गरेको आधार | छात्रवृत्ति वापत छुट हुने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भर्ना वार्षिक शुल्क | जम्मा मासिक शुल्क |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

कक्षा १० सम्मको जेठ मसान्त भित्र र कक्षा ११ र १२ को भदौ मसान्त भित्र यो फारम तयार पारी शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ ।

## अनुसूची ४
## दफा १६ को उपदफा २ र दफा २३ संग सम्बन्धित

छात्रवृत्ति वितरण सम्बन्धी विस्तृत प्रतिवेदन
पेश गर्ने विद्यालयको नाम / ठेगाना
पेश गरेको मिति
संलग्न कागजातहरू

- छात्रवृत्ति कोटा निर्धारण गर्न बसेको बैठकको मिति...... र निर्णय प्रतिलिपि.......
- छात्रवृत्ति निवदेन दर्ता किताबको प्रमाणित प्रतिलिपि पाना......
- विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको छात्रवृत्ति वितरणको सम्बन्धमा बसेको बैठकको निर्णय प्रतिलिपिहरू
- छात्रवृत्ति प्राप्त गर्नेहरुको नामावली

| क्र स | नाम थर | कक्षा | इमिस कोड | स्थायी ठेगाना | बाबु/ आमाको नाम थर | छात्रवृत्ति प्राप्त गरेको आधार | छात्रवृत्ति वापत छुट हुने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भर्ना वार्षिक शुल्क | जम्मा मासिक शुल्क |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

भर्ना शुल्क/बार्षिक शुल्क लिइएको भए फिर्ता गरेको विवरण

| क्र सं. | कक्षा | लिइएको रकम | | फिर्ता गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | भर्ना वार्षिक शुल्क | जम्मा मासिक शुल्क | | |
| | | | | | |
| | जम्मा | | | | |

विद्यालयको प्रतिक्रिया
पेश गर्ने
प्रधानाध्यापकको नाम थर
मिति

कक्षा १० सम्मको असार १० गते भित्र र कक्षा ११ को आश्विन १० गतेभित्र यस विवरण तयार पारी शैक्षिक प्रशासन महाशाखामा पेश गरी सक्नु पर्नेछ ।

अनुसूची ५

दफा १० को उपदफा ६ संग सम्बन्धित

छात्रवृत्ति प्राप्त गर्नेको विद्यार्थीलाई दिइने पत्रको नमूना

श्री...........................

कक्षा ..... रोल न .....

इमिस नं...............................

...................(स्थायी ठेगाना लेख्नुहोस)........................

**विषय : छात्रवृत्ति प्रदान गरिएको**

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको प.सं....... च.नं......... मिति...............को ............................पत्र बमोजिम/विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको मिति............................. को निर्णयानुसार ............................कोटाको छात्रवृत्ति प्रदान गरिएको छ। यस वापत देहाय बमोजिम छुट हुने व्यहोरा अनुरोध छ।

१) भर्ना शुल्क रू......................

२) मासिक पढाई शुल्क प्रति महिना रू .........का दरले जम्मा रू ............

यहाँको उज्वल भविष्यको कामना गर्दछौ।

आज्ञाले,

**लक्ष्मी प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत